# फौजदारी कानून सुधार समितिको विरोध गरौं

## अहिले होइन! यस्तो तरिकाले होइन!! हामी सबैजनाको उपस्थिति बिना पनि होइन!

सम्पूर्ण देश कोभिड महामारीको चपेटामा परिरहेको र आधिकारिक रुपमा नै ४०,००० + मानिसहरुको मृत्यु भइसकेको खबर बाहिर आएको अवस्थामा, केन्द्रीय गृह मन्त्रालय (MHA) ले ४ मे, २०२० मा ३ वटा एकदमै महत्वपूर्ण कानुनहरु परिवर्तन गर्नको लागि संबिधानको – भारतीय दण्ड संहिता (IPC), फौजदारी प्रक्रिया संहिता (Cr.P.C), र भारतीय प्रमाण ऐन (IEA) अन्तर्गत एउटा ५ सदस्यीय समितिको गठन गरेको छ। यी कानुन परिमार्जन प्रक्रिया खुल्ला, समावेशी र पारदर्शी हुनुको सट्टामा, **गोप्य रुपमा गरिएको, अपूर्ण र अस्पष्ट** भएको छ । यस देशको नागरिकको रुपमा, हामीले 'सुधार' को नाममा यी कानुनहरुलाई एकपक्षीय रुपमा परिवर्तन गर्ने प्रयासलाई बिरोध गर्नै पर्दछ।

- **फौजदारी कानूनको सुधार समितिको प्रतिनिधिमूलक हुनुपर्दछ** - वर्तमान समितिमा दिल्ली र मुम्बईमा रहेका ५ जना पुरुषहरु रहेका छन् – यसमा कुनै पनि महिला, दलित, आदिवासी, कुनै तेस्रो लिङ्गी वा नौलो व्यक्ति, घुमन्ते र मूलधारमा नरहेका जनजाति, शारीरिक रुपमा अशक्त कुनै पनि व्यक्ति र कुनै धार्मिक अल्पसंख्यक व्यक्ति रहेका छैनन् । प्रहरीको उच्च पहुँच रहेको, र उल्लेखित सबै खालका मानिसहरुलाई बाहिर राखिएको यस्तो भ्रष्ट र क्रुर समिति कसरी फौजदारी कानूनको "सुधार गर्ने" गर्ने ईन्चार्ज बन्न सक्दछ?

- **महत्वपूर्ण कानूनहरूलाई COVID को संत्राश भएको बेलामा परिवर्तन गर्न सकिदैन** - कोभिडको महामारी भएको बेलामा राष्ट्रव्यापी लकडाउनको बीचमा MHA ले किन यो सूचनालाई पारित गऱ्यो? अदालतहरूले मुश्किलले सञ्चालनमा आईरहेको, सार्वजनिक बैठकको लागि अनुमति नभइरहेको, वकिल र नागरिकहरूले जीवनयापनमा नसोचेको चुनौतीहरूको सामना गरिरहेका बेलामा, र बार एसोशिएसनहरू काम गर्न नसकिरहेको र सार्वजनिक स्वास्थ्य प्रणाली अत्याधिक तनावमा रहेको बेलामा, यी आधारभूत कानूनहरूमा महत्वपूर्ण परिवर्तनहरूलाई किन अगाडि बढाइरहेको छ।

- **फौजदारी कानूनहरूलाई सावधानीका साथ अगाडि बढाउन पर्याप्त समय चाहिन्छ** - समितिलाई ६ महिना मात्रै समयमा १५० वर्ष स्थापित न्यायशास्त्रको आधारमा बनेको भारतको संविधानअन्तर्गत तीनवटा एकदमै धेरै महत्वपूर्ण कानूनहरू परिमार्जन गर्ने जिम्मा दिइएको छ। कोभिडको महामारी नभएको समयमा पनि, यस्तो काम असम्भव छ र कुनै पनि वास्तविक परामर्शको लागि हतार गरिएको हुन्छ। कोभिडको सन्त्राशको समयमा, यस्तो समय-सीमाले यो प्रक्रिया आँखामा छारो हाल्ने मात्रै हो भनेर चिन्ताको विषय बनेको बुझिएको छ र यस प्रतिवेदनका निष्कर्षहरुलाई पहिला नै निर्णय गरिएको छ।

- **सार्वजनिक परामर्शको विषय राम्रोसँग प्रचार गरिएको, समावेशी र पारदर्शी हुनुपर्दछ** - समितिको सार्वजनिक परामर्श प्रक्रिया न सार्वजनिक हो न त परामर्शमुखी नै रहेको छ । समितिले दिल्लीबाट छानिएका वकिलहरूलाई मात्रै अनलाईन परामर्शमा भाग लिन आमन्त्रण गरेको छ। जबकि यसमा अन्य "विज्ञहरू" प्राविधिक रूपमा आफ्नै पहलमा पनि सहभागी हुने इच्छा गर्न सक्दछन्, तर समितिले व्यापक रूपमा जनतालाई यस प्रक्रियाको बारेमा जानकारी दिन र बृहत सहभागिता खोज्न कुनै पनि प्रयास गरेको छैन। सबै सूचना, प्रश्नावली र सहभागिताका अनुरोधहरू अंग्रेजीमा मात्रै जारी गरिएका छन्! यस समितिको सन्दर्भका नियमहरूलाई गोप्य रूपमा राखिएका छन्, र अझै पनि

सार्वजनिक गरिएको छैन । सो परामर्श लिनुपर्ने प्रश्नावलीका प्रतिक्रियाहरू यसलाई बुझाउने अन्तिम मितिभन्दा २८ दिन अगाडि मात्रै जारी गरिन्छ, र प्रतिक्रियाहरूलाई अनलाईन दर्ता गरेपछि मात्रै पठाउन सकिन्छ ।

- **कानूनी सुधार बलियो तथ्याङ्क र स्पष्ट उद्देश्यमा आधारित हुनुपर्दछ -** सार्वजनिक परामर्श र सरोकारवालाहरूसँगको कार्यशाला गोष्ठीहरूबाट प्राप्त प्रतिवेदन कागजातहरूको श्रृंखला पछि कानून सुधार गर्ने प्रयास सुरु गर्नु पर्दछ । विगतमा कानून आयोग र अन्य स्वायत्त आयोगहरूले प्रचलित कानुन परिवर्तन गर्नका लागि सिफारिस गर्न यस्ता बृहत अभ्यास गरिसकेका छन । त्यो प्रक्रियालाई अहिले किन बन्द गरिएको छ?

**अपराध र सजायले हामी सबैजनालाई असर गर्दछ**

**हामी सबैजनाको एउटा भनाई रहेको छः शान्तिपूर्ण समय चाहियो, आतङ्कित समय होइन!**

**यो लाजमर्दो समितिलाई अस्वीकार गरौं – यथार्थ सार्वजनिक विचार विमर्श सभाको माग गरौं**

*सार्वजनिक हितमा जारी गर्नेः फौजदारी कानुन सुधार समिति बिरुद्धका नागरिकहरु*